apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः १०६ ● पृष्ठः ४ ● २१ वैशाख २०८३ सोमबार (04 May 2026, Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/



समाचार ३ पृष्ठ

लहान नगरप्रमुख चौधरीमाथि सरकारी जग्गा कब्जाको आरोप, कारबाहीका लागि सीडीओलाई निर्देशन

## सिरहामा करिब ५ लाख बराबरको भन्सार छली लत्ताकपडा बरामद, मिलेमतोको आशंका

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २० गते**



भारतसँग जोडिएको सीमावर्ती क्षेत्रमा तस्करीको गतिविधि पुनः चर्चामा आएको छ। सशस्त्र प्रहरी बल नेपालले सिरहामा भन्सार छली गरी भित्र्याइएको करिब पाँच लाख रुपैयाँ बराबरको लत्ताकपडा बरामद गरेको छ। पछिल्लो घटनाले सीमाक्षेत्रमा लामो समयदेखि उठ्दै आएको 'मिलेमतोमा तस्करी'को आरोपलाई फेरि सतहमा ल्याएको छ।

सशस्त्र प्रहरीका अनुसार औरही गाउँपालिका-४ कमलपुर (दक्षिणवाइटोल) निवासी भोगिलाल यादवको घरमा विशेष सूचनाका आधारमा गरिएको खानतलासीका क्रममा ठूलो परिमाणमा अवैध रूपमा भित्र्याइएको लत्ताकपडा फेला परेको हो। बरामद सामग्रीलाई नियन्त्रणमा लिएर सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा सिरहामा ल्याइएको जनाइएको छ। सोमवार सिरहा भन्सार कार्यालय माडरमा बुझाउने सशस्त्र प्रहरले जनाएको छ।

सशत्र प्रहरी स्रोतका अनुसार बरामद लत्ताकपडाको अनुमानित बजार मूल्य करिब पाँच लाख रुपैयाँ रहेको छ। प्रारम्भिक अनुसन्धानले उक्त सामग्री भारतबाट भन्सार छली गरी नेपाल भित्र्याइएको देखाएको छ। घटनामा संलग्न अन्य व्यक्तिहरू र सम्भावित सञ्जालबारे थप अनुसन्धान भइरहेको जनाइएको छ।

स्थानीय स्रोत र सरोकारवालाहरूका अनुसार सीमावर्ती क्षेत्रमा तस्करी कुनै नयाँ विषय होइन, बरु "खुला रहस्य" जस्तै बनिसकेको छ। केही सुरक्षाकर्मी र भन्सार कर्मचारीबीचको मिलेमतोका कारण अवैध सामानको आवतजावत सहज हुने गरेको आरोप पटक-पटक उठ्दै आएको छ।

स्थानीयका अनुसार, "एकातिर कडाइको दाबी गरिन्छ, अर्कोतर्फ खुल्लै रूपमा सामान ओसारपसार भइरहेको देखिन्छ।" सीमावर्ती क्षेत्रमा हुने अवैध व्यापार एकतर्फी मात्र नभई द्विदिशात्मक रहेको स्रोतहरूको दाबी छ।

नेपालबाट भारततर्फ रक्सी, गाँजा तथा चिनियाँ स्याउजस्ता सामग्री जाने गरेको छ भने भारतबाट मोटर पार्ट्स, इलेक्ट्रोनिक्स सामग्री, लत्ताकपडा, खाद्यान्न तथा रजनीगन्धा,

बाँकी पृष्ठ २

## १७ मन्त्रालय बनाउने प्रस्तावः सामान्य प्रशासन प्रधानमन्त्री कार्यालयमा गाभिने




**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २० गते**

सरकारले मन्त्रालयहरूको सङ्ख्या १७ मा झार्ने प्रस्ताव अघि बढाएको छ। प्रधानमन्त्री कार्यालयका अनुसार चार वटा मन्त्रालय खारेज गर्ने प्रस्ताव गरिएको छ।

प्रस्ताव कार्यान्वयनमा आए युवा तथा खेलकुद, शहरी विकास, खानेपानी तथा सरसफाइ र सङ्घीय मामला तथा सामान्य प्रशासन मन्त्रालय रहने छैनन्।

बालेन्द्र शाह नेतृत्वको सरकारले १ सय दिनमा गर्ने सय कामभित्र मन्त्रालयको सङ्ख्या घटाई १७ कायम गर्ने सरकारले निर्णय गरेको थियो।

उक्त निर्णय कार्यान्वयन गर्न गठित कार्यदलले खारेजी गर्ने र आपसमा गाभ्ने मन्त्रालयको सुची तयार पारेको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा गठित ५ सदस्यीय कार्यदलले सङ्घमा १७ मन्त्रालय रहने प्रस्ताव तयार गरेको हो।

कार्यदलमा अर्थ, सङ्घीय मामिला तथा सामान्य मन्त्रालयका सहसचिव, प्रधानमन्त्री कार्यालयका कानुन

बाँकी पृष्ठ ३

## मधेसी दलबिच हुने एकताको खाका, अध्यक्षका लागि तोकियो योग्यताक्रम

**अपन दैनिक संवाददाता**
**काठमाडौं, वैशाख २० गते**



संघीय लोकतान्त्रिक मोर्चामा 'पार्टी एकीकरण खाका' प्रस्तुत गरिएको छ। जनता समाजवादी पार्टीका संरक्षक महन्थ ठाकुरको अध्यक्षतामा बसेको बैठकमा सो खाका प्रस्तुत गरिएको हो।

खाका अनुसार एकीकृत पार्टीमा एक जना संरक्षक, एकजना अध्यक्ष, त्यसपछि मार्गदर्शक मण्डल र केन्द्रीय कार्यकारिणी समिति रहने छ। पार्टीको सबभन्दा शक्तिशाली समिति कार्यकारिणी समिति रहने छ, जसलाई निर्णायक समिति भनिएको छ।

मार्गदर्शक मण्डल संयोजक संरक्षक रहने व्यवस्था गरिएको छ। मार्गदर्शक मण्डलमा पार्टीका हालका अध्यक्षहरु, वरिष्ठ नेतागण रहने छन् भने पार्टी अध्यक्ष पदेन सदस्य रहने व्यवस्था गरिएको खाकामा उल्लेख छ।

५१ सदस्यीय केन्द्रीय कार्यकारिणी समितिको चयन महाधिवेशनबाट हुनेछ। यो समितिले नै पार्टीको अध्यक्ष चयन गर्नुको साथै १५१ सदस्य केन्द्रीय समितिको मनोनय समेत गर्नेछ। महाधिवेशनअघि मार्गदर्शक मण्डलले अध्यक्ष मनोनयन गर्ने खाकामा उल्लेख छ।

**अध्यक्षको योग्याता**

-कुनै पनि विषयमा स्नातकोत्तर गरेको व्यक्ति हुनुपर्ने।

-राष्ट्रिय राजनीतिमा कम्तीमा १० वर्षको काम गरेको हुनुपर्ने

-३५ वर्षदेखि ५० वर्ष उमेर समुहका हुनुपर्ने।


-सरकारी/गैरसरकारी वा नेपाल सरकारको कुनैपनि लाभको पदमा काम नगरेको हुनुपर्ने।

बाँकी पृष्ठ ४

– लिपुलेक प्रकरण –

## चीन र भारत दुवैलाई नेपालले पठायो कूटनीतिक नोट

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २० गते**



नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनबीच सञ्चालन गरिएको कैलाश मानसरोवर यात्राबारे नेपालले आफ्नो अडान स्पष्ट पारेको छ। परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्री पौडेलले जारी गरेको विज्ञप्तिमा नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनबीच सञ्चालन गर्न लागिएको भनिएको कैलाश मानसरोवर यात्राप्रति सरकारको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ।

मन्त्रालयले विभिन्न सञ्चार माध्यममा उठेका प्रश्न र चासोप्रति प्रतिक्रिया जनाउँदै नेपाल सरकार आफ्नो भू-भागसम्बन्धी अडानमा स्पष्ट र अडिग रहेको दोहोर्‍याएको छ।

विज्ञप्तिअनुसार सुगौली सन्धि (१८१६) कै आधारमा लिम्पियाधुरा, लिपुलेक र कालापानी महाकाली नदीपूर्व पर्ने नेपालको अभिन्न भू-भाग भएको तथ्यमा सरकार पूर्णतः स्पष्ट रहेको उल्लेख छ।

नेपाल सरकारले उक्त क्षेत्र हुँदै सञ्चालन गरिने भनिएको तीर्थयात्राबारे आफ्नो सरोकार र अडान भारत र चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः जानकारी गराइसकेको जनाएको छ। यसअघि पनि सो क्षेत्रमा सडक निर्माण वा विस्तार, सीमा व्यापार तथा तीर्थाटनजस्ता कुनै पनि गतिविधि नगर्न भारत सरकारलाई निरन्तर आग्रह गर्दै आएको मन्त्रालयले स्पष्ट पारेको छ।

त्यसैगरी, लिपुलेक क्षेत्र नेपाली भू-भाग रहेको विषयमा चीनलाई समेत आधिकारिक रूपमा जानकारी गराइसकेको विज्ञप्तिमा उल्लेख छ।

नेपाल र भारतबीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धलाई ध्यानमा राख्दै ऐतिहासिक सन्धि, तथ्य, नक्सा र प्रमाणका आधारमा सीमा समस्याको समाधान कूटनीतिक माध्यमबाट गर्ने प्रतिबद्धता नेपाल सरकारको रहेको मन्त्रालयले जनाएको छ।




## सिके राउतको टिप्पणीः विवेकहीन बुख्याचाको बुल्डोजर

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २० गते**



जनमत पार्टीका अध्यक्ष सिके राउतले बालेन्द्र शाह नेतृत्वको सरकारले चलाइरहेको डोजर अभियानलाई लिएर आलोचना गरेका छन्। सरकारलाई 'विवेकहिन बुख्याचा' को संज्ञा दिँदै उनले आलोचना गरेका हुन्।

सामाजिक सञ्जालमा राउतले विवेकी, जिम्मेवार र उत्तरदायी नेत्तृत्व तथा बुख्याचा र लोकप्रियतावादी नेत्तृत्व बीच फरक हुने टिप्पणी गरेका छन्।

उनी लेख्छन्, 'बुख्याचा आफैंले केही निर्णय गर्न सक्ने होइन, आफ्नो दिमाग नै हुँदैन। नवधनाढ्य वा विदेशीलाई जगिङ पार्क वा महँगा गाडी हुँइकिन सीधा सडक चाहियो भनेर 'माथिबाट' के आदेश आउँछ,

बाँकी पृष्ठ ३

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

# छिमेकीलाई कूटनीतिक नोट- बालेन सरकारको बलशाली अडान




नेपालको अनुमति बेगर नेपाली भूमि लिपुलेक प्रयोग गर्न लागेको विरोधमा नेपाल सरकारले दुवै छिमेकी (भारत र चीन) लाई कूटनीतिक नोट पठाएको जनाएको छ। सन् २०१५ मा पनि नेपालले यही विषयमा भारत र चीनलाई कूटनीतिक नोट पठाएको थियो।

तत्कालीन प्रधानमन्त्री सुशील कोइरालापछि प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले लिखित रूपमै दुवै छिमेकीलाई आफ्नो अडान राखेको हो। यो अडानसँगै नेपाल सीमा विवाद संवादबाटै समाधान चाहन्छ भन्ने सन्देश पनि हो।

कोइराला प्रधानमन्त्री हुँदा परराष्ट्र मामिला विज्ञ दिनेश भट्टराई यो सरकारले सकारात्मक कदम चालेको बताउँछन्। भट्टराई भन्छन्, 'त्यतिबेला हामीले पठाएको पत्रको जवाफ आएन। तर सरकारले अहिले पुनः पत्र पठाएर हाम्रो अडान कायम रहेको सन्देश दिएको छ, यो सकारात्मक छ।'

भारतको विदेश मन्त्रालयले यसैसाता मानसरोवर यात्रा खुला गरेको घोषणा गरेको थियो। अप्रिल ३० मा जारी विज्ञप्ति अनुसार, यसवर्ष यात्राका लागि कूल २० समूह हुने र तीमध्ये १० समूह उत्तराखण्ड हुँदै लिपुलेक पासबाट र अन्य १० समूह सिक्किम हुँदै नाथु ला पासबाट यात्रा गर्ने उल्लेख छ।

नेपाली भू-भागमा छिमेकीले एकतर्फी निर्णय गरेपछि नेपाल सरकारले आफ्नो स्पष्ट अडान राखेको हो। परराष्ट्र मन्त्रालयले आइतबार जारी विज्ञप्तिमा भनेको छ, 'नेपाली भूमि लिपुलेक हुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत र चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको छ।'

यसअघिको चुनावी सरकार भने यो विषयमा मौन बसेको थियो। गत चैतमा भारतले नेपाली भूमि लिपुलेक हुँदै चीनसँग व्यापार गर्ने तयारी गरेको सार्वजनिक भएको थियो।

समाचार एजेन्सी प्रेस 'ट्रस्ट अफ इन्डिया'ले गत चैत ६ गते भारतका विदेश सचिव विक्रम मिश्रीले उत्तराखण्डका मुख्यसचिव अनन्द बर्धनलाई पत्र लेखेर लिपुलेक पासबाट व्यापार पुनःस्थापित गर्न भनेको सार्वजनिक गरेको थियो।

तर अन्तरिम सरकारले आफ्नो धारणा सार्वजनिक गरेन।

नेपाल र ब्रिटिश भारतबीच सन् १८१६ मा भएको सुगौली सन्धीले काली (महाकाली) पूर्वका सम्पूर्ण भू-भागलाई नेपालको भू-भाग भनेको छ। उक्त सन्धी लगायतका अन्य तथ्य र प्रमाणको आधारमा नेपालले महाकाली पूर्वका कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायतका भू-भाग आफ्नो मान्दै आएको छ।

नेपालले लिम्पियाधुरासम्म नेपाली भूभाग रहेको नक्सा जारी गरिसकेको छ। छिमेकीहरूले भने पटक पटक लिम्पियाधुरालाई समेत आफ्नो हिसाबले प्रयोग गर्न खोजेका देखिन्छन्।

सन् २०१५ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले चीन भ्रमण गर्ने बेलामा उनका चिनियाँ समकक्षी ली खछ्याङबीच नेपाली भूमि लिपुलेक प्रयोग गर्ने सहमति गरेका थिए।

मोदीको भ्रमणपछि जारी ४१ बुँदे संयुक्त वक्तव्यको २८ औं बुँदामा मोदी र लिपुलेक पासलाई व्यापारिक तथा दुई देशको तीर्थयात्री आवत जावत गर्ने केन्द्र बनाउने सहमति भएको भनिएको छ।

२०२४ डिसेम्बरमा भारत र चीनले कोभिड-१९ का कारण सन् २०२० देखि रोकिएको कैलाश-मानसरोवर तीर्थालु आवतजावतलाई निरन्तरता दिने सहमति गरेका थिए। त्यतिबेला भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभल र चीनका विदेशमन्त्री वाङ वी सहभागी बैठकले दुई देशबीचको तीर्थयात्री आउजाउ केन्द्र बनाउने सहमति गरेको लिपुलेक नेपाली भूमि हो।

त्यो विषयमा नेपाल सरकारले प्रतिक्रिया जनाएन।

गत अगस्टमा चीनका विदेशमन्त्री वाङ वी र भारतका विदेशमन्त्री एस. जयशंकर बीचको भेटवार्तामा दुई देशबीच सीमा व्यापार सञ्चालन गर्ने सहमति गरेका थिए।

यसपटक सरकारले नेपाल र भारतबीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावना अनुरूप, ऐतिहासिक सन्धी-सम्झौता, तथ्य, नक्सा र प्रमाणका आधारमा सीमा समस्याको समाधान कूटनीतिक माध्यमबाट गर्न नेपाल सरकार सधैं प्रतिबद्ध रहेको उल्लेख गरेको छ।

पूर्वराजदुत दीपकुमार उपाध्याय नेपालले पटक पटक संवादका लागि आग्रह गर्दा पनि छिमेकीहरुले यो विषयलाई घुमाइ फिराइ महत्त्व नदिएको बताउँछन्। उनी भन्छन्, 'नयाँ सरकारको यो प्रयास राम्रो छ, शान्त कूटनीतिमार्फत समाधानको पहल गर्नुपर्दछ। हाम्रो प्राथमिकता एजेण्डा हो भन्न सक्नुपर्दछ।'

## सम्पादकीय...

### आँप जोनमा मौसमको असर

मधेशको अर्थतन्त्र र किसानको जीवनयापनसँग प्रत्यक्ष रुपमा आँप खेती जोडिएको छ। माघ-फागुनमा राम्रोसँग फूल लागेको आँपको यस वर्ष उत्पादन बढ्ने आशा किसानमा जगाएको थियो। तर, समयमै वर्षा नहुनु र वैशाखको सुरुवातमै आएको तीव्र हावाहुरी तथा असिनाले त्यो आशामाथि पानी फेरिदिएको छ। मौसममा आएको असामान्य फेरबदलले आँपका फूल झर्ने, बाँकी रहेका फूल र साना फल नष्ट हुने अवस्था सिर्जना गरेको छ, जसले उत्पादन घट्ने स्पष्ट संकेत दिएको छ। मधेश प्रदेशका सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही र रौतहटजस्ता जिल्लाहरू आँप उत्पादनका मुख्य केन्द्र हुन्। यहाँका किसानहरूको आम्दानीको महत्वपूर्ण हिस्सा आँप खेतीबाट आउने भएकाले उत्पादनमा कमी आउँदा उनीहरूको आर्थिक अवस्था नै प्रभावित हुने निश्चित छ।

विशेषगरी सिरहामा सञ्चालनमा रहेको प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गतको आँप जोनले अपेक्षित उपलब्धि दिन नसक्नु चिन्ताको विषय बनेको छ। यस्ता कार्यक्रमहरू कागजमै सीमित हुने हो भने किसानहरूले राहत पाउने आशा गर्न सक्दैनन्। मौसम परिवर्तन अब अस्थायी समस्या होइन, दीर्घकालीन चुनौतीका रूपमा देखिएको छ। त्यसैले यसको सामना गर्न दीर्घकालीन रणनीति आवश्यक छ। सिंचाइको सुनिश्चितता, हावाहुरी र असिनाबाट जोगाउने प्रविधिको विकास र मौसमअनुकूल व्यवस्थापनतर्फ सरकार र सम्बन्धित निकायले ध्यान दिनुपर्छ। साथै, किसानहरूलाई समयमै मौसमसम्बन्धी सूचना र प्राविधिक सहयोग उपलब्ध गराउनु पनि उत्तिकै महत्वपूर्ण छ।

यसका साथै, कृषि बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी किसानहरूलाई क्षतिपूर्तिको व्यवस्था गरिनु आवश्यक छ। अहिलेको अवस्थामा किसानहरू प्राकृतिक विपत्तिको जोखिम एक्लै वहन गर्न बाध्य छन्। जुन न्यायोचित होइन। राज्यले किसानको सुरक्षालाई प्राथमिकतामा राख्न सकेन भने कृषि क्षेत्रमा निराशा बढ्नेछ र उत्पादनमा दीर्घकालीन असर पर्नेछ। मधेशको आँप खेतीलाई जोगाउन सरकार, स्थानीय तह र किसानबीच समन्वय र प्रतिबद्धता अपरिहार्य छ। अन्यथा, मौसमको अनिश्चितताले मधेशको हरियाली मात्र होइन, किसानहरूको भविष्यसमेत ओझेलमा पार्नेछ। यस कार्यमा किसानका हकहितमा सक्रिय रहेका संघसंस्थाले पनि विशेष रुपमा ध्यान दिई आम्दानीको स्रोतहरुको पहिचान र त्यसको संरक्षण गर्नुपर्छ।

## सिरहामा करिब ५ लाख बराबरको भन्सार .........

राजनिवासजस्ता सुर्तीजन्य पदार्थ नेपाल भित्रिने गरेको बताइन्छ।

यसले राज्यको राजस्वमा क्षति पुऱ्याउनुका साथै स्वास्थ्य, सुरक्षा र स्थानीय बजार व्यवस्थापनमा समेत नकारात्मक असर पार्ने विज्ञहरूको विश्लेषण छ। खुला सीमा, सीमित जनशक्ति, कमजोर निगरानी प्रणाली र समन्वय अभावका कारण तस्करी नियन्त्रण चुनौतीपूर्ण बन्दै गएको उनीहरूको भनाइ छ।

सिरहामा भएको पछिल्लो बरामदगी केवल एउटा घटना मात्र नभई सीमावर्ती क्षेत्रमा गहिरिँदै गएको तस्करी सञ्जालको संकेतका रूपमा हेरिएको छ। प्रभावकारी निगरानी, पारदर्शिता र कडाइका साथ कारबाही अघि नबढाइए अवैध व्यापार अझ मौलाउने जोखिम रहेको सरोकारवालाहरू बताउँछन्।

स्थानीयको माग छ–"तस्करी नियन्त्रणका लागि देखावटी होइन, परिणाममुखी र निरन्तर कारबाही आवश्यक छ।"



## आजको राशिफल

**मेष :** सहयोगीहरूले साथ नदिँदा केही निराशा आउन सक्छ। खर्चमा संयम राख्नु बुद्धिमानी हुनेछ।

**बृष :** कार्यस्थलमा अवसर आउन सक्छ, तर हतार नगर्नुहोस्। घरमा सन्तान पक्षले खुशी दिने सम्भावना छ।

**मिथुन :** आज आत्मविश्वास उच्च रहनेछ। पुराना योजना सफल हुने सम्भावना छ।

**कर्कट :** परिवारमा सुख र मेलमिलाप रहनेछ। नयाँ विचारहरू अघि बढाउन अनुकूल समय हो।

**सिंह :** कामको प्रशंसा हुनेछ र आत्मबल बढ्नेछ। मित्र वा आफन्तसँग भेटघाटको योग छ।

**कन्या :** नयाँ जिम्मेवारी आउनेछ, त्यसका लागि समय व्यवस्थापन गर्नुपर्छ।

**तुला :** आज सामाजिक र पारिवारिक काममा व्यस्त रहनुहुनेछ। नयाँ सम्बन्ध बन्ने सम्भावना छ।

**वृश्चिक :** आजको दिन मिश्रित रहनेछ। केही पुराना समस्या समाधान हुनेछन्।

**धनु :** काममा सफलता र सम्मान दुबै प्राप्त हुनेछ। अध्ययन वा यात्रामा सफलता मिल्ने संकेत छन्।

**मकर :** नयाँ परियोजनामा सफलता पाइनेछ। घरमा सन्तोष र सुखको माहोल हुनेछ।

**कुम्भ :** कला, लेखन वा सञ्चार क्षेत्रमा प्रगति हुने दिन। आत्मविश्वास बढ्नेछ र अवसर पनि आउनेछ।

**मीन :** आजको दिन अध्यात्म र मनको शान्तिको लागि अनुकूल छ। पारिवारिक सल्लाह मान्दा फाइदा हुनेछ।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

**अपन दैनिक पत्रिका**
- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क ०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**
- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

**नरहा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, नरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

**बालअधिकार सुनिश्चित गरौं**

**बालअधिकार:**
- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार।
- हिंसा र शोषणबाट जोगिने अधिकार।
- अभिव्यक्ति र सहभागिताको अधिकार।
- माया, स्नेह र संरक्षण पाउने अधिकार।
- खेल र मनोरञ्जनको अधिकार।

**त्यसैले,**
- बालश्रम अन्त्य गरौं।
- सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं।
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं।
- बालमैत्री समाजको निर्माण गरौं।

**"आजका बालबालिका. भोलिका कर्णधार"**

**सखुवानन्कारकट्टी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, सखुवानन्कारकट्टी**
मधेश प्रदेश, सिरहा (नेपाल)

# श्री आधारभुत विद्यालय, डुमरीमाल-१

**कल्याणपुर नगरपालिका-९, सिरहा**
**मधेश प्रदेश (नेपाल)**

## विज्ञापन सम्बन्धमा ।

शिक्षा विकास तथा समन्वय इकाइ सिरहाको च.नं. ११८० मिति २०८२/१२/२७ गतेको नियुक्ति अनुमति पत्रानुसार र कल्याणपुर नगरपालिकाको च.नं. १७२८ मिति २०८२/१२/२५ गतेको पत्र तथा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८३/०१/१५ गतेको निर्णयानुसार करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले इच्छुक उम्मेवारहरुको लागि विज्ञापन प्रकाशित गरिएको मितिले १५ दिन भित्र तपसिल बमोजिमको कागजातहरु सहित दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | तह र श्रेणी | पद संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | ०१/२०८२/८३ | राहत अनुदान प्रा.शि.तृ. | १ | शिक्षक सेवा आयोगले तोके बमोजिम |

**१. आवेदन दस्तुर** : रु. २५००
**२. दरखास्त दिने मिति** २०८३/०१/१५ गते देखि २०८३/०१/२९ गते सम्म
**३. सम्पर्क मिति** २०८३/०१/३० गते
**४. उमेर** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
**५. परीक्षाको किसिम**: लिखित, मौखित र आवश्यक परेमा प्रयोगात्मक
**६. दरखास्त दिने स्थान** : श्री आधारभुत विद्यालय डुमरीमाल-१, कल्याणपुर नगरपालिका-९, डुमरी

**आवश्यक कागजातहरु**
- हस्तलिखित निवेदन पत्र
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
- शैक्षिक योग्यता र तालिम पत्रको प्रतिलिपी
- अध्यापन अनुमति पत्रको प्रतिलिपी
- निरोगिता प्रमाण पत्रको प्रतिलिपी
- पासपोर्ट साइजको फोटो २ प्रति

म्याद नाघि आएको वा रित नपुगेका आवेदन स्वीकृती हुने छैन

**नोट**: विज्ञापन वापत लाग्ने दस्तुर यस विद्यालयको नामवाट संचालित नेपाल राष्ट्रिय बैंक मिचैंयाको चल्ती खाता नं.२१३०१००००००५७००१ मा जम्मा गरि सोको सकलै भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ।

**थप जानकारीको लागि सम्पर्क नं. ९८२४७३९९८९, ९८२५७५७७०४**


# लहान नगरप्रमुख चौधरीमाथि सरकारी जग्गा कब्जाको आरोप, कारबाहीका लागि सीडीओलाई निर्देशन

**सिरहा, वैशाख २० गते ।** सिरहाको लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीमाथि सरकारी-ऐलानी जग्गा कब्जा गरेको आरोप लागेको छ। गत १६ वैशाखमा राष्ट्रिय सतर्कका केन्द्रले नगरप्रमुख चौधरीमाथि आएका उजुरी छानबिन गरी कारबाही गर्न प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेललाई निर्देशन दिइएको हो।

केन्द्रका अनुसार चौधरीले सार्वजनिक-ऐलानी जग्गा कब्जा गरेको उजुरी परेको छ । केन्द्रमा पटकपटक उजुरी परेपछि गत बुधबार जिल्ला प्रशासन कार्यालय सिरहामा पत्राचार गरिएको थियो । प्रमुख जिल्ला अधिकारी पौडेललाई समेत केन्द्रले मौखिक जानकारी गराइएको उल्लेख छ।

पौडेललाई केन्द्रले गरेको निर्देशनमा भनिएको छ, 'के कसो भएको हो आवश्यक छानबिन तथा कारबाही गरी केन्द्रलाई जानकारी गराउनू।'

प्रमुख जिल्ला अधिकारी पौडेलले आफू बाहिर रहेको हुँदा लहान नगरपालिकाका प्रमुखले सरकारी जग्गा कब्जा गरेको बारे बुझ्न बाँकी रहेको प्रतिक्रिया दिए।

उता जिल्ला प्रशासन कार्यालय सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी चेतराज बरालले भने राष्ट्रिय सतर्कका केन्द्रबाट बुधबार नै पत्राचार भएको हुँदा तत्काल प्रक्रिया अघि बढेको जानकारी दिएका छन्।

बरालका अनुसार चौधरीले सरकारी-ऐलानी जग्गा कब्जा गरेको बारे छानबिन गर्न केन्द्रले पत्र पठाउने बित्तिकै उनलाई जानकारी गराइएको छ । यसबारे आन्तरिक छानबिन प्रक्रिया अघि बढेको भन्दै चौधरीलाई समेत केन्द्रको चासो बारे पत्राचार गरी अनुसन्धानमा सहयोग गर्न भनिएको उनले जानकारी दिए।

बरालले २४ वैशाखका लागि बृहत् बैठक पनि राखिएको जानकारी दिए । जसअनुसार जिल्लाभित्रका विभिन्न सरकारी एवं सार्वजनिक जमिन मिचेर बनाइएका संरचनाको लगत संकलन गरी तुरुन्त हटाउने अभियान सुरुवातका लागि उक्त बैठक डाकिएको हो । जसमा नगरप्रमुख, जिल्लाका सरोकारवाला निकाय, नापी एवं मालपोत कार्यालय प्रमुख र सुरक्षा अंगका प्रमुखहरूलाई डाकिएको छ।



'सार्वजनिक जमिनको अतिक्रमण हटाउन अभियानकै रूपमा लाग्ने निर्णय भएको छ। सोही अनुसार हाम्रो जिल्लामा पनि प्रक्रिया अघि बढेको हो।' सहायक प्रमुख जिल्ला अधिकारी बरालले भने। यता सरकारी जग्गा कब्जा गरेको आरोप लागेका लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीलाई भने पटकपटक टेलिफोन सम्पर्क गर्न खोज्दा उनको अफिसियल नम्बरमा सम्पर्क हुन सकेन। सभार: शिलापत्र

## सिके राउतको टिप्पणी: विवेकहीन ............

केको लागि खटाइन्छ, वा केमा बढी लाइक-शेयर-कमेन्ट आउँछ, केले भीड आकर्षित हुन्छ, के गर्दा चर्चा-परिचर्चा हुन्छ- उसले त्यत्ति हेर्ने हो । के नैतिक हो, के ठीक हो, के जिम्मेबारपूर्ण हो, के विवेकपूर्ण हो, के मानवतावादी हो- यो सबै कुरा बुख्याचा नेत्तृत्वको हैसियतको कुरा हुँदैन।'

Dr. CK Raut - सचिवालय
10 hours ago

विवेकहीन बुख्याचाको बुलडोजर

विवेकी, जिम्मेवार र उत्तरदायी नेत्तृत्व vs. बुख्याचा र लोकप्रियतावादी नेत्तृत्व बीचको फरक (राजनैतिक र गैरराजनैतिक नेत्तृत्व बीचको फरक)

बुख्याचा आफैंले केही निर्णय गर्न सक्ने होइन, आफ्नो दिमाग नै हुँदैन। (नवधनाढ्य वा विदेशीलाई जगिंग पार्क वा महँगा गाडी हुँइकिन सीधा सडक चाहियो भनेर) "माथिबाट" के आदेश आउँछ, केको लागि खटाइन्छ, वा केमा बढी लाइक-शेयर-कमेन्ट आउँछ, केले भीड आकर्षित हुन्छ, के गर्दा चर्चा-परिचर्चा हुन्छ - उसले त्यत्ति हेर्ने हो। के नैतिक हो...
See more



## १७ मन्त्रालय ..........

महाशाखा प्रमुख र सोही कार्यालयका सहसचिव सदस्यसचिव छन्।

कार्यदलको प्रस्तावअनुसार खानेपानी तथा सरसफाइ मन्त्रालयबाट सरसफाइलाई स्वास्थ्य मन्त्रालयमा गाभिनेछ। शहरी विकास र खानेपानीलाई भौतिक पूर्वाधार मन्त्रालयमा गाभेर एकीकृत भौतिक पूर्वाधार मन्त्रालय बनाइनेछ। त्यस्तै युवा तथा खेलकुद मन्त्रालयलाई दुई वटा क्लस्टरका रूपमा शिक्षा र महिला मन्त्रालयमा गाभिनेछ।

खेलकुदलाई शिक्षा मन्त्रालयमा गाभेर शिक्षा तथा खेलकुद मन्त्रालय नामकरण हुनेछ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा युवा, जनसङ्ख्या र सामाजिक सुरक्षालाई लैङ्गिक समानता तथा सामाजिक विकास मन्त्रालय नामकरण गरिने प्रस्ताव छ। भौतिक मन्त्रालयबाट यातायातलाई श्रममा लगिने प्रस्ताव छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई प्रधानमन्त्री कार्यालयमा गाभिनेछ।

# मधेश प्रदेशमा बढ्दो सवारी दुर्घटना, २०७७/७८ यता ३ हजारभन्दा बढीको मृत्यु


**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २० गते**

गत शनिबार धनुषाको गणेशमान चारनाथ नगरपालिका-४ स्थित पूर्व-पश्चिम लोकमार्गमा चितवनबाट गाईघाटतर्फ जाँदै गरेको प्रदेश २-०३-००१ ख १०११ नम्बरको बस र मधेश प्रदेश ०२-०१० प १२३७ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किँदा दुर्घटना भएको थियो।

उक्त दुर्घटनामा परेर मोटरसाइकल चालक महोत्तरीको पिपरा गाउँपालिका-७ का २१ वर्षीय अतुल चौधरी गम्भीर घाइते भएकोमा उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम ल्याएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए।

यस्तै, मोटरसाइकलको पछाडि सवार महोत्तरीकै जलेश्वर नगरपालिका १ की २३ वर्षीया रागनीकुमारी महतो गम्भीर घाइते भएकी थिइन्।

यस्तै, गत बैशाख ५ गते हावाहुरीको क्रममा जलेश्वरबाट जनकपुरतर्फ आउँदै गरेको ज १ घ ४८५० नम्बरको टेम्पोमाथि अचानक रूख ढल्दा दुई जनाको मृत्यु भएको थियो




भने तीन जना घाइते भएका थिए।

जलेश्वर ९ स्थित परिकौली ब्यारेक नजिकै गुडिरहेको टेम्पोमाथि मसलाको रूख ढल्दा त्यसमा सवारमध्ये जनकपुरधाम उपमहानगरपालिका २०, देवपुरा रूपैठाकी ४१ वर्षीया शकुन्तला देवी पण्डित र महोत्तरीको एकडारा गाउँपालिका ३ का ३३ वर्षीय राहुल मलिकको मृत्यु भएको थियो।

यसघटनाभन्दा एक दिन पूर्व सप्तरीको डाक्नेश्वरी नगरपालिका ७, मझौरामा मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकलमा सवार अन्दाजी ५५ वर्षीया मन्जुदेवी मण्डलको मृत्यु भएको थियो।

यस्तै, गत चैत २३ गते एसईईको परीषा दिएर फर्किंदै गर्दा महोत्तरीमा दुईवटा मोटरसाइकल दुर्घटना हुँदा तीनजनाको जलेर घटनास्थलमै मृत्यु भएको थियो भने तीनजना गम्भीर घाइते भएका थिए। परीक्षा दिएर घर फर्कने क्रममा एकडारा गाउँपालिका ५ गेना बथनाहामा भएको दुर्घटनामा जलेश्वर ६ का रामदयाल दासको २० वर्षीय छोरा रबि दास, सुरेन्द्र दासको छोरा २० वर्षीय सुभाष दास र एकडारा ३ बस्ने शत्रुधन मण्डलको

बाँकी पृष्ठ ४ ▸▸


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ ।
- दिमागमा असर पर्नसक्छ ।
- समयमा नसुत्न सक्छन् ।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन् ।
- एकान्तमा बस्न मन पराउन सक्छन् ।
- झिज्याहट हुन सक्छ ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन् ।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन् ।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं ।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)



## स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं ।
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं ।
- तोकिएको स्थानमा मात्र फोहोर फालौं ।
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं ।
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं ।
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं ।
- ध्वनि र वायु प्रदूषण कम गरौं ।
- सडकको समयसमयमा मर्मतसम्भार गरौं ।
- सडकमा निर्माण सामग्री नराखौं ।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं ।**

**विष्णुपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर**
मधेश प्रदेश, सिरहा (नेपाल)

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# बालेनले विधि मासेर शासन गर्न खोजेः प्रभु साह

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २० गते**

आम जनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले वर्तमान सरकार र यसका नेतृत्वले विधि मासेर शासन गर्न खोजेको टिप्पणी गरेका छन्।

अध्यक्ष साहले प्रधानमन्त्री बालेन्द्र शाहले विधि मासेर बल प्रयोग गर्दै लामो समयसम्म शासन गर्न खोजेको संकेत मिलेको भन्दै यस्तो शासन नेपाली जनतालाई अस्विकार्य हुने चेतावनी दिएका हुन्।

आइतबार सिरहाको गोलबाजारमा पार्टीले आयोजना गरेको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले संसद् छलेर अध्यादेशबाट शासन गरिनु संसदीय लोकतन्त्रको उपहास भएको भन्दै जननिर्वाचित सर्वोच्च थलो संसद्को सर्वोच्चता कायम गर्न सुझाव दिए। विगतमा केपी ओलीले अध्यादेशबाट शासन गर्न खोज्दा र संसद्को अपमान गर्दा व्यहोरेको राजनीतिक क्षतिलाई पनि स्मरण गर्न उनले वर्तमान सरकार र रास्वपा नेतृत्व पंक्तिलाई सुझाव दिए।

उनले नेपाली जनताले कांग्रेस, एमाले र नेकपाजस्ता पुराना दलको दलतन्त्र र नेतातन्त्रको विरुद्धमा रास्वपालाई अभूतपूर्व जनमत दिएको भन्दै वर्तमान सरकारले जनमतको सही सदुपयोग गर्नुपर्नेमा अहिले सरकार उल्टो बाटोमा हिँडेको आरोप लगाए।

बालेनले जित्दा रामराज्य बन्छ भन्नेहरु नै अहिले एक महिनामै बालेनको शासन देखेर 'राम राम' भन्ने अवस्थामा पुगेको पनि पूर्वमन्त्री साहले टिप्पणी गरे। उनले भने, 'बालेनसँग धैर्यता देखिएन। हतार गर्दा दुई तिहाई बहुमत नै धरापमा पर्ने जोखिम पनि बढ्यो, यो कुरा रास्वपा नेतृत्व पंक्तिले राम्रोसँग हेक्का राख्दा हुन्छ। यो सरकारले जताततै हात हाल्ने असफलताको मार्गमा हिँडेको संकेत देखायो। यसले मुलुक



र जनतालाई ठूलो घाटा छ।' उनले सुकुमबासी बस्ती खाली गराउनको लागि नेपाली सेना नै फिल्डमा खटिएको र सोसम्बन्धी सार्वजनिक सूचना जारी गरेकोमा पनि आपत्ति जनाए।

# पूर्व महिला दलित वडा सदस्य मुसहरिनलाई मानव मलमुत्र खुवाएको आरोप

**अपन दैनिक संवाददाता**
**रौतहट, वैशाख २० गते**

बोक्सीको आरोपमा रौतहटको कटहरिया नगरपालिकाकी पूर्व वडा सदस्य महिलालाई मानव मलमुत्र खुवाएको घटना बाहिरिएको छ।

छिमेकीको घरमा जन्ती आएका एक बालकलाई जादु टुना गरेको आरोपमा कटहरिया-९ कि दलित समुदायकी पूर्व वडा सदस्य ५५ वर्षीया अंकलियादेवी मुसहरिनलाई शनिबार साँझ केही स्थानीयले बलपूर्वक मानव मलमुत्र खुवाएको घटना सार्वजनिक भएको हो।

डुमरिया मुसहरी टोलमा पीडितको छिमेकी पुकार माझीका छोराको बिहेको अवसरमा पर्साबाट शनिबार सरियतिया (छोरी पक्षको जन्ती) आएको समयमा जन्ती आएका एक १० वर्षीय बालकले उल्टी गरेका थिए। सोही विषयलाई निहुँ बनाएर मुसहरिनले जादु टुना गरेर बच्चालाई मार्न खोजेको आरोप लगाउँदै १५ देखि २० जनाको भीड आएर पूर्व वडा सदस्य अंकलिया देवीको हात, जीउ र टाउको समातेर उनीहरुले बियरको बोतलमा घोलेर ल्याएको मूत्र



बलपूर्वक खुवाएको पीडितकी छोरी सुमिलादेवी मुसहरिनले बताइन्।

शनिबार साँझ ७ बजेको समयमा आमा छोरी मात्र घरमा भएको बेला स्थानीय पुकार माझी मुसहर, राजेन्द्र माझी मुसहर, लक्ष्मी माझी मुसहर, शंकर माझी मुसहर, सुरेन्द्रठाकुर लोहार, गौरी साह कलवारलगायत एक दर्जन भन्दा बढीको संख्यामा आएका मानिसहरुले एक्कासी घरभित्र पसेर बियरको बोतलमा घोलेर ल्याएको मलमुत्र बलपूर्वक खुवाएको छोरी सुमिलाले बताइन्।

विरोध गर्दा उनीहरूले कुटपिट समेत गरेको उनले बताएकी छिन्। घटनाको केही समयपछि इलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख सई मोहन आले मगरको नेतृत्वमा घटनास्थल पुगेको प्रहरी टोलीले पीडितको उद्धार गरी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारका लागि पठाएको थियो। सई मगरका अनुसार अचेत अवस्थामा रहेकी पीडित महिलालाई उद्धार गरी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गराएपछि हाल अवस्था सामान्य भएको छ।

घटना लगत्तै आरोपीहरुलाई प्रहरीले पक्राउ गर्न जाँदा सिङ्गो टोलका अधिकांश महिला-पुरुषले प्रहरी टोली र गाडीमाथि आक्रमणको प्रयास गरेका थिए। पीडित महिलालाई ईलाका प्रहरी कार्यालय गरुडा पठाइएको तथा आरोपीको खोजी भईरहेको सई मगरले जानकारी दिएका छन्।

ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकरप्रसाद आचार्यले घटनाको अनुसन्धान र आरोपी पक्राउ गर्न इन्सपेक्टरको कमाण्डमा थप प्रहरी टोली घटनास्थलमा परिचालन गरिएको बताएका छन्। यस प्रकारको अमानवीय घटनामा जोजो दोषी ठहर हुन्छन् कानुन अनुसार कडा कार्वाही गरिने डीएपी आचार्यले बताएका छन्।

# बारामा ७१ हजार ९२ मेट्रिकटन गहुँ उत्पादन

**अपन दैनिक संवाददाता**
**बारा, वैशाख २० गते**

जिल्लामा यस वर्ष किसानले खेती गरेको गहुँ बाली मौसम अनुकूल नभएकाले उत्पादनमा २० प्रतिशतले कमी आएको छ। जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार मौसम अनुकूल नहुँदा गहुँ उत्पादनमा १७ हजार ९८० मेट्रिकटनले कमी आएको हो।

केन्द्रका प्रमुख राजनारायण साहले



आर्थिक वर्ष २०८२/८३ मा किसानले २९ हजार हेक्टर क्षेत्रफलमा विभिन्न जातका गहुँखेती गर्दा प्रतिहेक्टर तीन दशमलव एक मेट्रिकटन उत्पादन हुनुपर्नेमा दुई दशमलव ४८ मेट्रिकटन भएको जानकारी दिए। अनुसार चालु आवमा ७१ हजार ९२ मेट्रिकटन गहुँ उत्पादन भएको छ।

उत्पादित गहुँ स्तरीय भएकाले कलैयासहित आसपासका बजारमा प्रतिक्विन्टल रु चार हजारका दरले बिक्री भएको केन्द्रका कृषि अर्थविज्ञ गणेश महराले जानकारी दिए। उनका अनुसार गत आवमा रु चार अर्ब दुई करोड ५६ लाख ६० हजार बराबरको ९६ हजार ६२० मेट्रिकटन गहुँ उत्पादन भएको थियो।

# राजनीति गर्ने कर्मचारीलाई झट्का, दलीय ट्रेड युनियन खारेज

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २० गते**

सरकारले कर्मचारी ट्रेड युनियनको विद्यमान व्यवस्थालाई पूर्ण रूपमा हटाएको छ। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले आइतवार जारी गरेका 'केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश' मार्फत ट्रेड युनियन खारेज गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको हो।

विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले कर्मचारी ट्रेड युनियन हटाउने विषयलाई आफ्नो सय बुँदे कार्यसूचीमा प्राथमिकताका साथ समावेश गरेको थियो, जसको जगमा यो कानुनी संशोधन प्रक्रिया अघि बढेको देखिन्छ।

यसअघि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संघीय निजामती सेवा विधेयकको मस्यौदा तयार पार्दा नै ट्रेड युनियनको व्यवस्था नराख्ने गरी गृहकार्य गरिरहेको थियो। विधेयकमाथि सरोकारवालाहरूसँग राय-सुझाव मागिरहेको समयमा सरकारले अचानक अध्यादेशमार्फत यो निर्णय लिएको हो। निजामती प्रशासनलाई दलीय राजनीतिको प्रभावबाट मुक्त गराई सेवा प्रवाहलाई थप व्यावसायिक र प्रभावकारी बनाउन यो कदम चालिएको मन्त्रालयको दाबी छ।

यद्यपि, सरकारको यो निर्णयको कर्मचारी वृत्तमा भने तीव्र विरोध सुरु भएको छ। नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, र नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन लगायतका ६ वटा दलगत संगठनहरूले संयुक्त वक्तव्य जारी गर्दै यसको भर्त्सना गरेका छन्। उनीहरूले कर्मचारीको पेसागत हकहितका लागि संगठित हुन पाउने नैसर्गिक अधिकारमाथि प्रहार भएको उल्लेख गर्दै यथाशीघ्र ट्रेड युनियनको व्यवस्था पुनर्बहाली गर्न माग गरेका छन्।

यदि सरकारले आफ्ना मागहरूको सुनुवाइ नगरे ट्रेड युनियन सञ्जालमार्फत देशभर चरणबद्ध आन्दोलन गर्ने चेतावनी समेत कर्मचारी नेताहरूले दिएका छन्।

## मधेश प्रदेशमा बढ्दो सवारी दुर्घटना ..............

छोरा अभिषेक मण्डलको मृत्यु भएको थियो। अन्य तीनजना गम्भीर घाइते भएका थिए।

मधेश प्रदेशमा पछिल्ला समय सवारी दुर्घटनामा वृद्धि भएको छ। दुर्घटनामा पर्ने गाडीमा अधिकांश गाडी मोटरसाइकल हो। प्रहरी प्रधान कार्यालयका अनुसार आर्थिक वर्ष २०७७/७८ देखि चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा मधेश प्रदेशमा सवारी दुर्घटनामा परेर ३ हजार १४६ जनाले आफ्नो ज्यान गुमाएका छन्। ज्यान गुमाउनेमा अधिकांश पुरुष रहेका छन्।

केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को चैत मसान्तसम्ममा दुर्घटनामा परेर ३९८ जनाले आफ्नो ज्यान गुमाइसकेका छन्। ज्यान गुमाउनेमा २८९ जना पुरुष, ७३ जना महिला र ३६ जना बालबालिका रहेका छन्। प्रवक्ता काफ्लेका अनुसार यस नौ महिनाको अवधिमा १ हजार ४०९ जना गम्भीर घाइते भएका छन्।

प्रहरीका तथ्यांक अनुसार चालु आवको चैत मसान्तसम्ममा कुल ६ हजार ८ वटा दुर्घटना हुँदा ८ हजार ६२४ वटा सवारी उक्त दुर्घटनामा परेको हो। दुर्घटनामा परेको गाडीमध्ये ५ हजार ९७५ वटा मोटरसाइकल रहेको छ।

चालु आवको ९ महिनामा ६ हजार ८ दुर्घटना भएकोमा गत आव २०८१/८२ मा ७ हजार ४४३ वटा दुर्घटना भएको थियो। उक्त दुर्घटनामा परेर ५६४ जनाको मृत्यु भएको थियो भने १ हजार ९७८ जना गम्भीर घाइते भएका थिए।

यस्तै, आर्थिक वर्ष २०८०/८१ मा६ हजार ५८ वटा दुर्घटना हुँदा ५३० जनाले आफ्नो ज्यान गुमाएका थिए भने २ हजार २४९ जना गम्भीर घाइते भएका थिए। आर्थिक वर्ष २०७९/८० मा ५ हजार ९८८ वटा सवारी दुर्घटना हुँदा ५४६ जनाले आफ्नो ज्यान गुमाए भने २ हजार २ सय जना गम्भीर घाइते भएका थिए।

यसैगरि आव २०७८/७९ मा ५ हजार ७११ वटा दुर्घटना हुँदा ५८५ जनाले आफ्नो ज्यान गुमाएका थिए भने २ हजार ५०९ जना गम्भीर घाइते भएका थिए। आव २०७७/७८ मा ३ हजार ९८३ वटा दुर्घटना भएकोमा ५२३ जनाले आफ्नो ज्यान गुमाएका थिए भने १ हजार ९३० जना गम्भीर घाइते भएका थिए।

**बढ्दो मोटरसाइकल दुर्घटना**

मधेश प्रदेशको जिल्लाहरुमा सबैभन्दा बढी मोटरसाइकलको दुर्घटना हुने गरेको पाइएको छ। प्रहरीको तथ्यांक अनुसार दुर्घटनामा पर्ने गाडीहरुमध्ये अधिकांश मोटरसाइकल रहेको छ। चालु आव २०८२/८३ कै चैत मसान्तसम्ममा ८ हजार ६२४ वटा सवारीसाधन दुर्घटनामा पर्दा त्यसमध्ये ५ हजार ९७५ वटा मोटरसाइकल रहेको छ। केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेका अनुसार चैत मसान्तसम्ममा मधेशको धनुषामा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना भएको हो। यहाँ १०४८ वटा मोटरसाइकल दुर्घटनामा परेको हो।

यस्तै, गत आर्थिक वर्ष २०८१/८२ मा १० हजार ६७९ वटा सवारीसाधन दुर्घटनामा परेकोमा त्यसमध्ये ७ हजार २०१ वटा मोटरसाइकल रहेको थियो। आव २०८०/८१ मा ८ हजार ५२९ वटा सवारीसाधन दुर्घटनामा परेकोमा ५ हजार ९२६ वटा मोटरसाइकल रहेको थियो।

यस्तै, आव २०७९/८० मा ८ हजार ३७६ वटा सवारीसाधन दुर्घटनामा परेकोमा ५ हजार ७४५ वटा मोटरसाइकल रहेको थियो। आव २०७८/७९ मा ८ हजार ३०२ वटा सवारीसाधन दुर्घटनामा परेकोमा ५ हजार ४१८ वटा मोटरसाइकल रहेको थियो। आव २०७७/७८ मा ५ हजार ८९१ वटा सवारीसाधन दुर्घटनामा परेकोमा ३ हजार ७३७ वटा मोटरसाइकल रहेको थियो।

## मधेसी दलबिच हुने एकताको खाका, अध्यक्षका ..............

-सामाजिक र सांस्कृतिक पक्ष स्वच्छ र सफा भएको हुनुपर्ने।
-अधिकार, पहिचान, समानताप्रति प्रतिबद्ध भएको व्यक्ति हुनुपर्ने।
-सामुहिक नेतृत्वप्रणाली आत्मसात गर्ने हुनुपर्ने।
-असल संगठक, कुशल व्यवस्थापक भएको हुनुपर्ने।
-लागुपदार्थ, मादकपदार्थ लगायतको सेवन नगर्ने व्यक्ति हुनुपर्ने।
-अहंकार नभएको, लोकप्रियतावादबाट मुक्त भएको हुनुपर्ने।
-अध्यक्ष रहुन्जेल कुनै पनि लाभको पदमा नजाने हुनुपर्ने।

पार्टीको अध्यक्षले मार्गदर्शक मण्डल र पदाधिकारीको परामर्शमा बैठकको एजेन्डा तय गरी, बैठक बोलाउने खाकामा उल्लेख छ। बैठकमा कार्यकारिणी समितिले गरेको निर्णय प्रमाणीकरण गर्ने र निर्णय कार्यान्वयनमा अध्यक्षले भुमिका खेल्ने उल्लेख छ। त्यसैगरि, मार्गदर्शक मण्डलसँग परामर्श गरि कार्यकारिणी समिति सदस्य मध्येबाट पदाधिकारी मनोनित गर्ने उल्लेख छ।

**आर्थिक व्यवस्थापन**

पार्टी गठन भएको पहिलो ६ महिनासम्मको गतिविधि र पार्टी सञ्चालन खर्चका लागि प्रत्येक कार्यकारिणी सदस्यबाट प्रतिव्यक्ति ५० हजारका दरले र केन्द्रीय सदस्यहरुबाट १० हजारका दरले सहयोग लिइने बैठकमा खाका प्रस्तुत गरिएको छ।

दीर्घकालीन आर्थिक व्यवस्थापनको लागि पार्टीले व्यवसाय सञ्चालन गर्ने भनिएको। सो व्यवसायीमा हरेक केन्द्रीय सदस्य संलग्न हुनुपर्ने छ। व्यवसाय संचालन पश्चात् केन्द्रीय सदस्यले गरेको लगानीको अनुपातमा मासिक आम्दानी वितरण गरिने प्रस्तुत खाकामा उल्लेख छ।

यस्तो आर्थिक व्यवस्थापन सबै तहको लागि तय गरिने भनिएको छ। त्यसका साथै पार्टीका सबै सदस्यहरु पार्टीको निगरानीमा हुने व्यवसायमा अनिवार्य रुपमा सहभागी हुनुपर्ने उल्लेख गरिएको छ। केन्द्रीय समिति गठन भएदेखि सबै सदस्यहरुले पार्टी संचालनको निम्ति लेभी तिर्नुपर्ने प्रस्ताव गरिएको छ।

बैठकमा सहभागी एक नेताका अनुसार आइतबारको बैठकमा सो खाकामाथि समान्य छलफल भएको छ। बैठकले सो खाका अध्ययन गर्न दलका नेताहरुलाई भनिसकेको छ। अर्को बैठकमा विस्तृत छलफल हुने बताइएको छ।

मोर्चामा जसपा नेपाल, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, तराई मधेश लोकतान्त्रिक पार्टी रहेका छन्। यसअघि लोसपा र जसपा नेपालबिच एकता घोषणा भइसकेको छ। त्यसमा जनता प्रगतिशिल पार्टी सहभागी भएको छ। तमलोपामा पनि सहभागी भएको थियो तर पछि एकता प्रक्रियामा सहभागी नहुने भनि विज्ञप्तिमार्फत जानकारी गराइएको थियो।

**स्वदेशी वस्तुको प्रयोग गरौं।**

**सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-**

- सार्वजनिक निकायले कुनै बस्तु वा सेवा खरिद गर्दा स्वदेशी बस्तु तथा सेवा खरिद गर्नुपर्ने।
- त्यस्तो बस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने।
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने।
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, ब्यवस्था छ।

**स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ**
**उक्त व्यवस्थाको पालना गरौं र गराऔं!**

**गोलबजार नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, गोलबजार**
मधेश प्रदेश, सिरहा (नेपाल)



**माँ भगवति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।